## आ.व. २०८०/८१ को दशौं कार्यपालिका बैठक

आज मिति २०८०।१०।२३ गते राप्ती गाउँकार्यपालिकाका अध्यक्ष श्री प्रकाश विष्टको अध्यक्षता तथा तपशिल बमोजिमका सदस्यहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बस्यो।

बैठकका उपस्थिति र निर्णयहरु यसप्रकार छन्।

### उपस्थिति

| | | |
|---|---|---|
| अध्यक्ष | श्री | प्रकाश बिष्ट, राप्ती गाउँकार्यपालिका। |
| उपाध्यक्ष | श्री | कमलापती चौधरी, राप्ती गाउँकार्यपालिका। |
| सदस्य | श्री | गेमे खड्का, राप्ती गाउँकार्यपालिका। |
| सदस्य | श्री | पहलवान चौधरी, राप्ती गाउँकार्यपालिका। |
| सदस्य | श्री | उमेश अधिकारी, राप्ती गाउँकार्यपालिका। |
| सदस्य | श्री | विर बहादुर चौधरी, राप्ती गाउँकार्यपालिका। |
| सदस्य | श्री | देव प्रसाद चौधरी, राप्ती गाउँकार्यपालिका। |
| सदस्य | श्री | दीपक कुमार चौधरी, राप्ती गाउँकार्यपालिका। |
| सदस्य | श्री | सिताराम चौधरी, राप्ती गाउँकार्यपालिका। |
| सदस्य | श्री | चन्द्र बहादुर गुरुङ, राप्ती गाउँकार्यपालिका। |
| सदस्य | श्री | रिम बहादुर सुनारी, मगरराप्ती गाउँकार्यपालिका। |
| सदस्य | श्री | पार्वती सुवेदी, राप्ती गाउँकार्यपालिका। |
| सदस्य | श्री | चम्पा भुसाल, राप्ती गाउँकार्यपालिका। |
| सदस्य | श्री | रण बहादुर पुजाली सार्की, राप्ती गाउँकार्यपालिका। |
| सदस्य | श्री | गिता चौधरी, राप्ती गाउँकार्यपालिका। |
| सदस्य | श्री | सावित्री चौधरी, राप्ती गाउँकार्यपालिका। |
| सदस्य | श्री | संजिव परियार, राप्ती गाउँकार्यपालिका। |
| सदस्य सचिव | श्री | नेव बहादुर वली, राप्ती गाउँपालिका। |

### आमन्त्रित

श्री जीवराज पौडेल पशु विकास अधिकृत

श्री धन प्रसाद शर्मा लेखा अधिकृत

श्री विश्वास विक, शाखा अधिकृत

श्री विकास ज्ञवाली, अधिकृत (प्रशासन सेवा)

श्री लालचन्द्र गुरुङ (कृषि शाखा प्रमुख)

[illegible]

[illegible]

नेव बहादुर वली
प्रमुख प्रशासकीय अधिकृत

मिति २०८०।१०।२३ गते बसेको कार्यपालिका बैठकका प्रस्तावहरुः

१. पुर्व निर्णयको पुनरावलोकन सम्बन्धमा।
२. राप्ती गाउँपालिकाको कृषि तथा पशुपङ्क्षी विधेयक २०८० सम्बन्धमा।
३. राप्ती गाउँपालिकाको आधारभुत तथा माध्यमिक शिक्षा संचालन सम्बन्धी कार्यविधि २०७९ को संसोधन सम्बन्धमा।
४. विद्यालयको नाम परिवर्तन सम्बन्धमा।
५. अध्यक्ष कप प्रतियोगिता सम्बन्धमा।
६. भुमि विधेयक, २०८० सम्बन्धमा।
७. आर्थिक ऐन,२०८० संसोधन विधेयक, २०८० सम्बन्धमा।
८. भूमि सेवा केन्द्रको कर्मचारीको सेवा करार।
९. भौतिक संरचना हटाउने सम्बन्धमा।
१०. कार्यक्रम संसोधन तथा श्रोतान्तर प्रस्ताव २०८० सम्बन्धमा।
११. मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रममा आयोजना प्रस्ताव तथा कार्यान्वयन सम्बन्धमा।
१२. राप्ती गाउँपालिकाको पशु सेवा कार्यक्रम संचालन कार्यविधि सम्बन्धमा।

राप्ती गाउँ कार्यपालिको बैठकका निर्णयहरु (आ.व. २०८०/८१ को दशौँ कार्यपालिका बैठक)

मितिः २०८०।१०।२३

निर्णयहरुः

१. यस अघि भएका कार्यपालिकाका निर्णयहरु सम्बन्धमा तपशिल बमोजिमको अवस्था देखियो।
   क. कृषि एम्बुलेन्स र कृषि उपज संकलन तथा बिक्रि केन्द्रको सञ्चालन कार्यविधि बनेको, केन्द्र र कृषि एम्बुलेन्स चालु अवस्थामा रहेको र प्रभाकारी सञ्चालन हुन नसकेको।
   ख. अटो पार्किङ र स्थानीय भाडा दर व्यवस्थित हुन नसकेको।
   ग. हाट बजार सञ्चालन सम्बन्धमा सरोकारहरु सँग प्रयाप्त छलफल नभएको।

   उल्लेखित पक्षको समस्याहरु निराकरण गरी सरोकारवालाहरुको सहभागीतामा पूर्ण सञ्चालन र व्यवस्थापन गर्न वडा र सम्बन्धित समितिलाई परिचालन गर्ने।
२. राप्ती गाउँपालिकाको कृषि तथा पशुपन्छी विधेयक २०८० सभामा पेश गर्ने।
३. राप्ती गाउँपालिकाको आधारभुत तथा माध्यमिक शिक्षा संचालन सम्बन्धी कार्यविधि २०७९ को नियम १६ को (६) संसोधन प्रस्ताव स्वीकृत गर्ने।
४. गाउँ शिक्षा समितिबाट मिति २०८०/१०/२२ मा सिफारिस भई आएको यस राप्ती गा.पा. ३ मौरीघाटमा अवस्थित सिद्धार्थ इंग्लिस बोर्डिङ स्कुल दाङ प्रा.ली. ले निम्न अनुसार नाम परिवर्तन गर्न कम्पनी रजिष्ट्रारको कार्यालयको पत्र तथा विशेष साधारण सभाको निर्णय सहित निवेदन पेश गरेकोमा निम्न अनुसार हुने गरी नाम परिवर्तन हुने गरी स्वीकृत गर्ने।

| क्र.सं. | हाल कायम भएको विद्यालयको नाम ठेगाना | परिवर्तित विद्यालयको नाम ठेगाना |
|---|---|---|
| १ | सिद्धार्थ इंग्लिस बोर्डिङ स्कुल दाङ प्रा.लि. लालमटिया-५ मौरीघाट। | चैतन्य पाठशाला राप्ती उपत्यका प्राईभेट लिमिटेड राप्ती गा.पा. वडा नं. ३ |

५. आ.व. २०८०/८१ मा सञ्चालन हुने अध्यक्ष कप प्रतियोगिताका लागि गत आ.व. २०७९/८० मा गठन भएको देहाय बमोजिमको कार्यदललाई जिम्मेवारी दिने ।

| | |
|---|---|
| श्री उमेश अधिकारी- | संयोजक |
| श्री पहलवान चौधरी- | सदस्य |
| श्री चन्द्र बहादुर गुरुङ- | सदस्य |
| श्री सावित्रा चौधरी - | सदस्य |
| श्री विश्वास वि.क. - | सदस्य सचिव |

६. भुमि विधेयक, २०८० सभामा पेश गर्ने ।

७. आर्थिक ऐन, २०८० संसोधन विधेयक, २०८० सभामा पेश गर्ने ।

८. भूमि सेवा केन्द्रको कर्मचारीको सेवा करारको चैत्र सम्म सेवा करार थप गर्ने ।

९. राप्ति गा.पा वडा नं. ३ बड्का गल्लीको लेखराम चौधरीको घरदेखि विर बहादुर चौधरीको मिल सम्म ८ मिटर नक्सानुसार बाटोमा पर्ने घर, गोठ लगायतका भौतिक संरचना ३५ दिनभित्र आफ्नो जग्गामा सार्न वा हटाउन सूचना प्रकाशन गर्ने ।

१०. शाखा तथा वडाबाट प्रस्तावित कार्यक्रम संसोधन, रकमान्तर तथा श्रोतान्तर प्रस्तावलाई सभामा पेश गर्ने ।

११. मख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय लुम्बिनी प्रदेश राप्ती उपत्यका देउखुरी दाङको मिति २०८०/१०/१५ को सूचना अनुसार मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रम अन्तर्गत बेसार/अदुवा उत्पादन, प्रशोधन तथा उद्योग संचालन आयोजना राप्ती -०४ दाङको कार्यान्वयन सम्बन्धमा निम्न अनुसार गर्ने ।

क. कार्यक्रम कार्यान्वयन सहजिकरणको लागि मुख्यमन्त्री नवप्रवर्तन कार्यक्रम समन्वय तथा सहजिकरण इकाई स्थापना गर्ने ।

- इकाई प्रमुख अधिकृत स्तर – १
- सहायक कर्मचारी – १

ख. यस कार्यपालिकालाई मिति २०८०/१०/२१ मा प्राप्त बेसार/अदुवा उत्पादन, प्रशोधन तथा उद्योग संचालन आयोजना राप्ती -०४ दाङको प्रारम्भिक सम्भावयता अध्ययन प्रतिवेदन स्वीकृत गरी रु. १४५५००००/- लागतको आयोजना स्वीकृतीका लागि पेश गर्ने ।

ग. उक्त आयोजनामा कुल लागत अनुमानको ३० प्रतिशत भन्दा बढी रु. ४५५००००/- यस गाउँपालिकाको आ.व. २०८०/८१ तथा २०८१/८२ को साझेदारी तथा समपुरक रकम मध्येबाट लागत सहभागिता व्यहोर्ने ।

घ. यो आयोजनालाई व्यवसायिक योजना अनुसार निरन्तरता दिन आगामी आ.व. हरुमा समेत बजेट विनियोजन गर्ने ।

१२. यस गाउँपालिकाको पशु सेवा कार्यक्रम संचालन कार्यविधि २०८० स्वीकृत गर्ने निर्णय गरियो ।

Shagun